राष्ट्र निर्माण हाम्रो लक्ष्य

# नेपाल टेलिकम
# NEPAL TELECOM

प.सं ०८३।८४
च.नं. प्रे.वि.नं. ११

मिति- २०८३।०५।१४

निःशुल्क भ्वाइस, डाटा र एसएमएस सुविधा निरन्तर उपलब्ध हुने सम्बन्धमा

## प्रेस विज्ञप्ति

नेपाल टेलिकमले बाढी प्रभावित क्षेत्र र आसपासका सेवाग्राहीलाई उपलब्ध गराइरहेको निःशुल्क भ्वाइस, डाटा र एसएमएस सुविधा राहत वितरण तथा उद्धार कार्यको सहजताका लागि अर्को व्यवस्था नभए सम्मका लागि निरन्तर उपलब्ध गराउने भएको छ ।

यो भन्दा पहिले भाद्र १४ सम्मका लागि निःशुल्क भ्वाइस कल र प्रतिदिन २ जीबी डाटा तथा ५० एसएमएस सुविधा उपलब्ध भइरहेकोमा अब थप समय व्यवस्था गरिएको हो ।

बाढी प्रभावित क्षेत्रका वासिन्दाहरुलाई कम्पनीले उपलब्ध गराएको निःशुल्क सेवा आवश्यकता अनुसार उपभोग गर्नुहुन अनुरोध छ ।

बाढीका कारण नेपाल टेलिकमका विभिन्न भौतिक संरचनामा क्षति पुगेको अवस्थामा पनि दूरसञ्चार सेवा यथासम्भव नियमित राख्न तथा प्रभावित संरचनाको मर्मत-सम्भार गर्न कम्पनीको प्राविधिक टोली निरन्तर परिचालित भइरहेको छ ।

यस अनुसार अधिकांश संरचना सुचारु भएका छन् भने बाँकी संरचना समेत सुचारु गर्ने कार्यमा कम्पनीका प्राविधिकहरु निरन्तर रुपमा खटिरहेका छन् ।

विपद्को यस अवस्थामा नेपाल टेलिकमको सेवा प्रयोगमार्फत सम्बन्धित सबै सेवाग्राहीलाई आफन्तजनसँग सञ्चार सम्पर्क कायम गर्न सहयोग पुग्ने कम्पनीको विश्वास छ ।

डा. कमल लामिछाने
प्रवक्ता

सूचना तथा प्रकाशन शाखा,
प्रमुख व्यावसायिक अधिकृतको कार्यालय
भद्रकालीप्लाजा, काठमाण्डौ ।

नेपाल दूरसंचार कम्पनी लिमिटेड
Nepal Doorsanchar Company Ltd

फोन नं.
ना.प्र.नि : ०१४२१०१०६
प्रवक्ता : ०१४२१०२०४
सह-प्रवक्ता : ०१४२१०२९६
सूचना शाखा : ०१४२१०३०२